## भाग २

# अर्थमन्त्रालय (आय—विभाग) को सूचना

### हवाई भंसारको नियम

पत्रसंख्या ११। गृ. म. वि. ६०।७१२४ मिति ०११।३।३/५

त्यस हवाई भन्सारको कामकाज गर्दा अर्थविभागबाट मुकर्रर गरेको साक्षी राखी देहायको नियमबमोजिम काम काज गराउने ०११।२।३२।२ मा निर्णय भएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला ।

(१) प्लेन ग्राउण्डमा उत्रेपछि भन्सारका कर्मचारीहरू नै माल भारीहरू यताउती हुन नपाउने गरी पेसेन्जर फ्रेटलिष्टसँग भिडाई अदतहरू खोली जाँची महसूल लिई रसिद दिई 'भन्सार पास' भन्ने लेबुल लगाई मालधनीलाई माल बुझाइदिनू ।

(२) निकाशी हुने मालहरू पनि खोली जाँची महसूल लिई रसिद दिइसकेपछि 'भन्सार पास' भन्ने लेबुल लगाई हवाई कम्पनीको जिम्मा दिनू ।

(३) भन्सारका अफिसरहरूले हवाई जहाजभित्र नजाँचिएको माल अदत पर्न गएको छ छैन, जाँच गर्न पाउँछन् र भन्सारका अफिसरबाट क्लेरेन्स सर्टिफिकेट नपाईकन हवाई जहाजले हवाई मैदान छोड्न पाउँदैन।

(४) प्लेनभित्र चेक गर्दा नजाँचिएको माल अदत कसैले लगी राखेको रहेछ भने त्यस्ता माल जफत गर्नू।

(५) नेपालसरहद बाहिर निकाशी हु वा बाहिरबाट पैठारी भै आएका महसूल लाग्ने मालमा प्रकाशित भएका गजेट नियमबमोजिमका दरले शुरूको हवाई भन्सारले महसूल लिनू ।

(६) शुरूको भन्सारमा महसूल नबुझाई अर्को हवाई भन्सारमा महसूल बुझाउँछु भनी मालधनिले भन्छ भने त्यसको माल अदतहरूमा सील लगाई चिम्पो चलानी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बनाई सो प्लेनका कर्मचारीलाई दिनु र सो प्लेनका कर्मचारीले पनि यसरी लगेको कागज बुझाइदिई बुझिलिएको भरपाई फर्केर आउँदा पहिलो भन्सारमा बुझाउनुपर्छ। यसरी चिम्पौ भई आएको मालमा चिम्पौ पाउने भन्सारले सवाल दरबन्दीबमोजिम महसूल लिनू।

(७) शुरु हवाई भन्सार महसूल बुझाइसकेको निस्सा देखाए तापनि शंका लागी खोली जाँची हेर्दा महसूल घटी पर्न गएको देखिए नपुगमा महसूल बुझाउनु नपर्ने प्रमाण देखाउनुपर्दछ। सो गर्न नसके नपुगजतिमा दरबन्दीको दोबर महसूल लिनू।

(८) यस विषयमा काम काज गर्दा खटिई आएका साक्षीका सामुन्ने गर्नुपर्छ। निजको निस्सासमेत राखन लाउने गर्नू।

(९) उपरोक्त दफा दफामा लेखिएका कुरामा सोहीबमोजिम र अरूमा भइरहेका ऐन सवाल आदेशबमोजिम गर्नू।

आज्ञाले—
चूडानन्द वैद्य,
का. मु. सेक्रेटरी —अर्थमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

'A'

३६०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।